## उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्या -१०४

आज मिति २०८१/०८/१७ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | पुतली |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री दिपक प्रसाद अधिकारी | सचिव | |

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक निर्णय पुस्तिका

बैठक संख्याः १०४ मितिः २०८१/०८/१७

निर्णयहरुः

१. छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी र आवश्यकता लक्षित बनाउन उत्तरगया गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८०/११/११ गते स्वीकृत भई लागु भएको उत्तरगया गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०८० को तपसिल बमोजिमका बुँदाका सम्बन्धमा पेश भएको संशोधन बुँदा सहितको कार्यविधि सर्वसहमतिले पारित गर्ने ।

- दफा ६ को छात्रवृत्ति प्रदान गरिने विषय/क्षेत्र र तह अन्तर्गत आर्किटेक्ट इन्जिनियर अध्ययनमा सी एस आइ टि कायम गर्ने र सि.नं ८ थप गरी हेल्थ असिष्टेन्ट विषयमा २ जनाको लागि छात्रवृत्तिको रकम प्रति व्यक्ति ५०,०००।-- प्रति वर्ष कायम गर्ने।
- सोही दफा अन्तर्गत माथि उल्लेखित शीर्षक नं ३ र ४ मा कुल संख्यामा २ नबढ्ने गरी विधा परिवर्तन गर्न सकिने, शीर्षक नं ५ र ६ मा कुल संख्यामा २ नबढ्ने गरी विधा परिवर्तन गर्न सकिने र शीर्षक नं ७ र ८ मा कुल संख्यामा ४ नबढ्ने गरी छात्रवृत्ति वितरण गर्ने सकिनेछ। साथै हेल्थ असिष्टेन्टको हकमा गत आर्थिक वर्षहरुमा छात्रवृत्ति प्राप्त नगरेका विद्यार्थीहरुलाई पनि यसै कार्यविधि बमोजिमको रकम उपलब्ध गराइनेछ।

यसैगरी यसै शिर्षकबाट प्राविधिक (प्रमाण पत्र तह वा सो सरह) धारतर्फ उल्लेखित क्षेत्र/विषय अध्ययन गर्नका लागि एस.इ.इ वा सो सरह उत्रिर्ण गरेका, उत्तरगया गाउँपालिका भित्र स्थायी बसोवास गर्ने विद्यार्थीहरुवाट परेको आवेदन र छनौट समितिको सिफारिसका आधारमा कार्यपालिकाको निर्णय बमोजिम कुल १५ जनामा नवढ्ने गरी प्राविधिक धारतर्फ ३ वर्षे कोर्ष अध्ययनका लागि प्रति विद्यार्थी वार्षिक रु २०,०००। का दरले शर्तहरु समेत उल्लेख गरी छात्रवृत्ति प्रदान गरिने छ ।

| क्र.सं | अध्ययनको विषय क्षेत्र | छनौट गरिने संख्या | कैफियत |
|---|---|---|---|
| १ | कृषि विज्ञान | ५ | |
| २ | पशु विज्ञान | ५ | |
| ३ | सव इन्जिनियर सिभिल | ३ | |
| ४ | सव इन्जिनियर मेकानिकल | १ | |
| ५ | सर्वेक्षक | १ | |
| | जम्मा | १५ | |

यस शिर्षक अन्तरगत छात्रवृत्ति अध्ययनका लागि तोकिएको विषय क्षेत्रकां कोटाहरुमा कुनैमा न्युनतम आवश्यक संख्यामा समेत आवेदन नपर्ने तथा कुनैमा आवश्यक संख्या भन्दा धेरै आवेदन परेको खण्डमा कार्यपालिकाको निर्णय बमोजिम जम्मा १५ जनामा नबढ्ने गरी विषय र क्षेत्र छनौटं गरिने संख्या थपघट गर्न बाधा पुग्ने छैन । एम.बी.बी.एस अध्ययनको लागि हरेक ३ वर्षमा एकपटक मात्र आवेदनआव्हान गरिनेछ तर कुनै वर्षको आवेदनमा एम.बी.बी.एस अध्ययनको लागि कसैको दरखास्त नपरेमा अर्को वर्ष आवेदन मागका लागि बाधा पर्ने छैन । यस कार्यविधिमा उल्लेख भएका विषयहरु प्रचलित कानुनसँग बाझिएको ठहरेमा आवश्यक संसोधन तथा परिमार्जन गर्न सकिनेछ । भन्ने विषय थप गर्ने ।

२. व्यवसायिक कृषकका लागि दुध उत्पादन तथा बिक्रीमा आधारित अनुदान वितरण कार्यविधि, २०८० स्वीकृत भई लागु भएकोमा देहाय बमोजिमको बुँदामा संशोधन गरी संशोधित बुँदा सहितको कार्यविधि सर्वसहमतिले पारित गर्ने।

२०८१/०८/१६

बैठक संख्या: १०४ मिति: २०८१/०८/१७

- कार्यविधिको दफा ८ को उपदफा (क) सँग सम्बन्धित दूधको अनुदानको रकम प्रति लि रु ३ ।- दरले उपलब्ध गराउने भनिएकोमा रु ५।- का दरले उपलब्ध गराउने । र सो व्यवस्था आ.व. २०८१/०८२ को साउन देखि नै लागु हुने ।भनि थप गर्ने।
- कार्यविधिको दफा १२ अन्तर्गत दैनिक, मासिक र त्रैमासिक दूध खरिद बिक्री सम्बन्धी कृषक पासबुक अभिलेख सम्बन्धित समूह/निजी डेरी/संकलक व्यक्ति/सहकारी, पशु प्राविधिक र वडाबाट प्रमाणित भई सिफारिस साथ प्राप्त भएपछि पशु सेवा शाखाले आवश्यक निरीक्षण गरी रकम भुक्तानीको लागि चौमासिक रुपमा सिफारिस साथ गाउँपालिकामा पठाउनुपर्नेछ। थप गर्ने
- दफा १४ का सम्बन्धमा कृषक पासबुक गाउँपालिकाबाट प्रदान गरिनुपर्दछ भनिएकोमा दूध संकलन गर्ने जिम्मेवारी प्राप्त संस्थाले नै प्रदान गरिनुपर्दछ । भन्ने कायम गरिएको ।

३. शिक्षा, युवा तथा खेलकुद विकास शाखा अन्तर्गत स्थानीय पाठ्यपुस्तक निर्माण शीर्षक अन्तर्गत रु दश लाख विनियोजन भएकोमा उक्त कार्यका लागि अपुग रकम थप दश लाख आगामी हिउँदे सभा मार्फत स्रोत सुनिश्चित गर्ने गरी स्थानीय पाठ्यपुस्तक निर्माणको कार्य अगाडि बढाई आगामी शैक्षिक सत्र सुरु हुनु अगावै वितरण तथा व्यवस्थापनको कार्य अगाडि बढाउन श्री शिक्षा, युवा तथा खेलकुद शाखालाई निर्देशन दिने ।

४. उत्तरगया बोगटीटार तेक्वान्दो डोजाङ्ग, उत्तरगया गाउँपालिका- ५ ले सम्पन्न गरेको जिल्लास्तरीय तेक्वान्दो प्रतियोगिता कार्यक्रमका लागि शिक्षा, युवा तथा खेलकुद विकास

२०८१/०८/१८

शाखाको खेलकुद सामाग्री र खेल सामाग्री व्यवस्थापन कार्यक्रम शीर्षकबाट खर्च व्यवस्थापन हुने गरी रु दुई लाख भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने ।

५. विद्यालयमा रिक्त हुने बालविकास सहजकर्ता तथा सबै तहका रिक्त दरबन्दीमा शिक्षा सेवा आयोगबाट तत्काल स्थायी पदपूर्ति हुन नसकेको अवस्थामा विद्यालयको पठनपाठनमा उत्पन्न अवरोध हटाउने अभिप्रायले गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७६ को परिच्छेद ५, दफा २५ बमोजिम तर्जुमा गरिएको उत्तरगया गाउँ कार्यपालिकाले करार शिक्षक नियुक्ति कार्यविधि, २०८१ सर्वसहमतिले पारित गर्ने ।

६. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि,२०७४ को दफा ९ मा स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारी गाउँ कार्यपालिकाले कार्य विवरण सहित तोक्ने उल्लेख भएकोमा उक्त जिम्मेवारी प्रशासन शाखा प्रमुखको समन्वयमा श्री सूचना प्रविधि अधिकृतले शाखा मार्फत गर्ने गरी जिम्मेवारी तोक्ने ।

७. टेवा संस्थाको सहकार्य तथा समन्वयमा उत्तरगया गाउँपालिकाबाट तर्जुमा गरिएको उत्तरगया गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९ कार्यान्वनयका लागि कार्ययोजना सर्वसहमतिले परित गर्ने ।

८. उत्तरगया गाउँपालिकाको सम्पूर्ण वडाहरुमा बाटो सरसफाई वापतको रकम रु १४,८०,६९१।– (अक्षेरुपी चौध लाख असी हजार छ सय एकानब्बे मात्र ।) पालिकाभित्रका सम्पूर्ण सडक मर्मत, सञ्चालन र संरक्षण शीर्षकबाट भुक्तानी हुने गरी कार्यालयलाई निर्देशन दिने ।

९. उत्तरगया गाउँपालिकाको संस्था दर्ता ऐन,२०७६ को दफा ४ को उपदफा ४ मा संस्था दर्ताको प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण र नवीकरण दस्तुर कार्यपालिकाले तोके

२०८१/०८/१६

बमोजिम हुने उल्लेख भएकोमा उक्त व्यहोरा देहाय बमोजिम रहने कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

**अगाडिको पाना**

दफा ४ को उपदफा ४ सँग सम्बन्धित
उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा,
**संस्था दर्ताको प्रमाण–पत्र**

दर्ता नं. दर्ता मिति:

(संस्थाको नाम) ................................. उत्तरगया गाउँपालिकाको संस्था दर्ता ऐन, २०७६ को दफा ४ को उपदफा ४ बमोजिम गतेमा दर्ता गरी यो .......... महिना .......... साल .......... प्रमाण–पत्र दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृतको
दस्तखतः–
पूरा नामः-
मितिः

२०८१।०८।१८

पछाडिको पाना

नविकरण

संस्थाको नामठेगाना: ..................................................................................

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र वहाल रहने अवधि | नवीकरण दस्तुर/ रसिद नं | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(यो विवरण पछिल्लो पानाभरी आवश्यक कोठाहरु थप गरी बन्नेछ)

संस्था दर्ता शुल्क- १,०००।–

नविकरण दस्तुर – ५००।–

नविकरण अवधि- वार्षिक

१०. ५ नं वडाको नयाँ प्रशासकीय भवन निर्माण कार्य अगाडि बढाउँदा हाल वडा कार्यालय सञ्चालनमा रहेको भवन समेत भत्काउनु पर्ने भएकाले सो नयाँ भवनको पूर्ण रुपमा निर्माण नभए सम्मको अवधिका लागि हाल वडा कार्यालय सञ्चालनमा रहेको स्थान नजिकै ३ कोठा भाडामा लिई सञ्चालन गर्ने प्रयोजनका लागि आवश्यक मापदण्ड तोंकी सूचना प्रकाशन सहितको आवश्यक प्रक्रिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

११. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २ मा उल्लेखित व्यवस्था बमोजिम समिति मार्फत पेश भएका देहाय बमोजिमका निर्माण व्यवसाय फर्म तथा कम्पनीलाई तपसिल बमोजिमको क्षेत्रमा कार्यालय स्थापना गरी सञ्चालन गर्ने गरी

२०८१/०८/१६

सोही कार्यविधिको अनुसूची ३ बमोजिमको इजाजतप्रमाण पत्र उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने ।

- श्री त्रियुगा इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन, उत्तरगया गा.पा.- ५, रसुवा।

१२. जिल्ला प्रशासन कार्यालय, रसुवा र मालपोत कार्यालय रसुवाको सेवा प्रवाहलाई थप व्यवस्थित गरी सञ्चालन गर्न सोलार ब्याट्री लगायत आवश्यक उपकरण उपलब्ध गराई सहयोग तथा समन्वय गर्न कार्यालयतर्फकै सम्बन्धित कार्य गरिने शीर्षकबाट खर्च व्यवस्थापन हुने गरी कार्य अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने ।

१३. उत्तरगया गाउँपालिकाको वडा नं २,४ र ५ मा डेरी सञ्चालन वापतको विद्युत महसुल र दूध ढुवानी भाडा वापतको २०८१ श्रावण देखिको हुन आउने रकम विविध शीर्षकमार्फत भुक्तानी हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

१४. बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति २०८१/०४/१५ को सूचना बमोजिम समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रम कार्यान्वयनका लागि बागमती प्रदेश सकारको समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्यवन कार्यविधि २०८० अन्तर्गत यस अघिको निर्णयमा एउटै वडामा दुइवटा उत्पादन पर्न गएकोमा पशुपन्छितर्फ वडा नं १ मा ट्राउट माछा, कृषि तर्फ छनौटको लागि पहिलो प्राथमिकतामा वडा नं ४ मा कफी उत्पादन र दोस्रो प्राथमिकतामा वडा नं २ मा अकवरे खुर्सानीका लागि सिफारिस गर्ने ।

१५. २०८१ साउन महिना देखि मिति २०८१/०७/३० गतेसम्मको चालु तर्फ १८.८२% र पुँजीगत तर्फ ३.०८ %खर्च भई कुल १३ %खर्च प्रगति रहेकोमा वित्तीय प्रगति विवरण जानकरी हासिल गरी आवश्यक समीक्षा गरियो साथै स्वीकृत कार्यक्रमहरु कार्य योजना

बमोजिम सञ्चालन गरी पूर्व निर्धारित समयमा नै सम्पन्न गर्न सम्बन्धित शाखालाई निर्देशन दिइयो ।

१६. बागमती प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालय शहरी विकास तथा भवन कार्यालय विदुर नुवाकोटको मिति २०८१।०७।१४ गतेको पत्रका सम्बन्धमा बागमती प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन २०८० बमोजिम नेपाल सरकारबाट पहिले आवास सुविधा प्राप्त नगरेका / नपाएका र राष्ट्रिय पुनः निर्माण प्राधिकरण अन्तर्गत भूकम्प प्रभावित नामावलीमा नपरेकाहरु मध्येबाट थप एक जना उत्तरगया गाउँपालिका वडा नं ५ का शिव राम आचार्यको नाम सिफारिस गरी सम्बन्धित कार्यालयमा पठाउन कार्यालयलाई निर्देशन दिने ।

१७. गाउँपालिकाको ऐतिहासिक, प्राकृतिक र सामाजिक-सांस्कृतिक विशेषता एवं विशिष्ट पहिचान झल्किने गरी लोगो निर्माण गर्न लोगोको सफ्ट कपीको व्यवस्थापन गर्ने कार्यका लागि उत्कृष्ट लोगो निर्मातालाई ५० हजार राशी (कर सहित) को व्यवस्था र अन्य खर्च व्यवस्थापन कार्यालयबाट हुने तथा आवश्यकताका आधारमा विज्ञलाई आमन्त्रण गर्न पाउने गरी देहाय बमोजिम समिति गठन गर्ने निर्णय गरियो।

श्री चमेली गुरुङ ( उपाध्यक्ष) – संयोजक

श्री अमर बहादुर बुलुन ( वडा अध्यक्ष) – सदस्य

श्री यमनाथ आचार्य ( वडा अध्यक्ष) –सदस्य

श्री जनक आचार्य ( सूचना प्रविधि अधिकृत)- सदस्य

श्री सृष्टि के.सी. ( प्रशासन शाखा प्रमुख ) -- सदस्य सचिव

२०८१।०८।१८

१८. उत्तरगया गाउँपालिका वडा नं १ को मुम्बावगरमा भएको बालुवा व्यवस्थापनको लागि आवश्यक अध्ययन र सुझाव सहित प्रतिवेदन पेश गर्न तपसिल समिति गठन गरी १५ दिनभित्र कार्य सम्पन्न गर्ने।

श्री चमेली गुरुङ ( उपाध्यक्ष) – संयोजक

श्री दिपक प्रसाद अधिकारी (प्रमुख प्रशासकीय अधिकृत) – सदस्य

श्री मार्सिङ तामाङ ( वडा अध्यक्ष १ नं वडा कार्यालय) – सदस्य

श्री यमनाथ आचार्य ( वडा अध्यक्ष ५ नं वडा कार्यालय) – सदस्य

श्री पूर्ण बहादुर घले ( कार्यापालिका सदस्य ) – सदस्य

श्री सुदिप न्यौपाने ( ईञ्जिनियर ) – सदस्य

श्री चक्र बहादुर कार्की ( सव – ईञ्जिनियर) – सदस्य

श्री विकास आचार्य ( राजस्व शाखा प्रमुख) – सदस्य सचिव

१९. राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान रसुवाको व्यवस्थापन र उत्तरगया गाउँपालिकाको आयोजनामा हरितालिका तीज विशेष सांस्कृतिक कार्यक्रम संचालन भएकोमा उक्त कार्यालयका लागि धार्मिक तथा साँस्कृतिक कार्यक्रम सञ्चालन तथा संस्था सहायता शीर्षकबाट रु २०,०००।–' भुक्तानी गर्न कार्यालयलाई सिफारिस गर्ने ।

२०. नायव प्राविधिक सहायक श्री सन्तोष देव उपाध्यायले मध्यपश्चिम विश्वविद्यालयको B.Sc.AG ४ बर्षे कार्यक्रममा अध्ययनको लागि प्रवेश परीक्षामा सामेल हुनका लागि कार्यालयबाट उपलब्ध गराइएको पूर्वस्वीकृति समर्थन गर्ने र निजले कानुनबमोजिम आवश्यक कागजात पेश तथा नियमानुसारको कबुलियतनामा गरेपश्चात हुनेगरी स्थानीय सेवाको गठन तथा सञ्चालन ऐन २०७९ को दफा ५९ को उपदफा ५ बमोजिम सोही दफाको उपदफा ६ लागुहुनेगरी वेतलबी अध्ययन विदा स्वीकृत गर्ने साथै गाउँपालिकाका कर्मचारीहरुलाई तलबी अध्ययन विदा दिने सम्बन्धमा एक पटकमा एक जना कर्मचारी तलबी अध्ययन विदा सकेर कार्यालयमा नफर्किएसम्म थप कर्मचारीलाई तलबी अध्ययन विदा स्वीकृत नगर्ने ।

२०८१/०८/१८